**आकाशवाणी गान्तोक**

**BROADCAST: 18:40 hrs** **Date: 23.02.2024**

## Man Ki Baat

प्रधानमन्त्री नरेन्द्र मोदीले आज आकाशवाणीबाट **मन की बात** कार्यक्रममा राष्ट्रलाई सम्बोधन गर्दै, भारतले आर्टिफिसियल इन्टेलिजेन्सको क्षेत्रमा द्रुत गतिमा आफ्नो पहिचान बनाइरहेको उल्लेख गर्नुभयो र भारतवासी नयाँ प्रविधिहरू अपनाउनमा कोहीभन्दा पछि नभएको बताउनुभयो। उहाँले **एआई एक्शन** शिखर सम्मेलनसम्बन्धी पेरिसको आफ्नो भर्खरको भ्रमणका क्रममा विश्वले यस क्षेत्रमा भारतको प्रगतिको प्रशंसा गरेकामा उहाँलाई खुसी लागेको बताउनुभयो। उहाँले गत महिना ISRO ले गरेको एक सयौँ रकेटको प्रक्षेपण देशले देखेकामा गर्व व्यक्त गर्नुभयो। साथै, उहाँले अन्तरिक्ष वैज्ञानिकहरूको टोलीमा महिलाको सहभागिता निरन्तर बढ्दै गएकोमा र अन्तरिक्ष क्षेत्र युवाहरूको रोजाइमा परेकोमा पनि खुसी व्यक्त गर्नुभयो। उहाँले महिला दिवसको अवसरमा आफ्नो सामाजिक सञ्जाल अकाउन्ट **एक दिनका लागि** देशका विभिन्न क्षेत्रका केही प्रेरणादायी महिलालाई हस्तान्तरण गर्ने घोषणा गर्नुभयो, साथै उत्तराखण्डमा सम्पन्न राष्ट्रिय खेलकुदमा देशभरिबाट ११ हजारभन्दा बढी खेलाडीले भाग लिएकामा आफूलाई सन्तोष लागेको बताउनुभयो। अन्त्यमा, श्री मोदीले परीक्षा योद्धाहरूलाई उनीहरूको बोर्ड परीक्षाका लागि शुभकामना दिँदै, कुनै तनावविना सकारात्मक भावनाका साथ परीक्षा दिन आग्रह गर्नुभयो अनि **परीक्षा पे चर्चा** संस्थागत हुन थालेकामा खुसी व्यक्त गर्दै, यसका सबै श्रृङ्खला **नमो एप**-मा उपलब्ध रहने जानकारी दिनुभयो।

## CM-Janta Bhet

मुख्यमन्त्री प्रेमसिंह तामाङले रिनाक निर्वाचन क्षेत्रका लागि जनताभेट कार्यक्रमको पहिलो दिन आज पदम्चे माध्यमिक विद्यालयबाट सुरु गर्नुभएको छ। यो जनताभेट कार्यक्रम रिनाक निर्वाचन क्षेत्रभित्र सरकार र जनताबीचको खाडललाई कम गर्ने उद्देश्यले आयोजित पहल हो। आज पहिलो दिन, मुख्यमन्त्रीले रिनाक निर्वाचन क्षेत्र अन्तर्गत तीन ग्राम पञ्चायत एकाइका एक हजारभन्दा बढी जनतासँग भलकुसारी गर्नुभयो जसमा बुदाङ, काम्रे, ईस्ट पाण्डम र बेङ्थाङ पाचेखानी रहेका छन्। आज बिहान 9 बजे पदम्चे विद्यालय पुगेका मुख्यमन्त्रीले आफ्नो निर्वाचन क्षेत्रका ज्येष्ठ नागरिक, बिरामी र केही गम्भीर समस्या भएका व्यक्तिहरूसँग अन्तरक्रिया गर्नुभयो। उहाँले स्वास्थ्य उपचार र जेष्ठ नागरिकका गुनासालगायत जनताको आवश्यकताअनुसार सबै समस्या समाधान गर्ने आश्वासन दिनुभएको छ। रिनाक निर्वाचन क्षेत्रको बयालिस ग्राम पञ्चायत वार्डमध्ये, मुख्यमन्त्रीले आज तीन जीपीयूका तेह वार्डका मानिसहरूसँग अन्तरक्रिया गर्नुभयो। भोलि उहाँले रिनाक बजारमा जनतासँग अन्तरक्रिया गर्नुहुनेछ भने पर्सी रिनाक निर्वाचन क्षेत्र अन्तर्गतको गौशाला बेरिङको भ्रमण गर्नुहुनेछ।

## CM- Tribute to Late Padma Shri

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज स्वर्गीय पद्मश्री तुलाराम उप्रेतीको आसाम लिङ्जेस्थित निवास पुगी स्वर्गीय उप्रेतीलाई श्रद्धाञ्जली अर्पण गर्नुभयो। उहाँले सिक्किमका जनताको तर्फबाट स्वर्गीय उप्रेतीको परिवार र शुभचिन्तकहरूप्रति हार्दिक समवेदना व्यक्त गर्नुभयो। स्वर्गीय उप्रेतीको अन्त्येष्टि पूर्ण राजकीय सम्मानका साथ गरिएको छ। उहाँको योगदानको सम्मान स्वरूप सिक्किम सशस्त्र पुलिसले **गार्ड अफ अनर** दियो। मुख्यमन्त्रीले सिक्किमको दिगो यात्रामा पद्मश्री उप्रेतीलाई कृषि र जैविक खेतीमा अग्रजका रूपमा प्रशंसा गर्नुभयो। स्वर्गीय उप्रेतीलाई विधानसभा अध्यक्ष र मन्त्रीगणलगायत शुभचिन्तकहरूले अन्तिम श्रद्धाञ्जली अर्पण गरे।

## Gyalsing-Workshop

गेजिङको आरीगाउँस्थित सन्चमन लिम्बू सरकारी कलेजले 20 देखि 22 फेब्रुअरीसम्म **"शैक्षिक लेखन सशक्तिकरण: अनुसन्धान र प्रकाशनसम्बन्धी राष्ट्रिय कार्यशाला"** विषयक तीनदिने कार्यशाला आयोजना गऱ्यो। कार्यक्रम कलेजको संकाय विकास कार्यक्रमको एक भाग थियो। दिल्लीको जवाहरलाल नेहरू विश्वविद्यालय, मुम्बई विश्वविद्यालय र सिक्किम विश्वविद्यालयलगायत देशका प्रख्यात संस्थानहरूका स्रोत व्यक्ताहरूले संकाय सदस्य र स्नातकोत्तर विद्यार्थीहरूसँग आफ्नो अन्तर्दृष्टि र विशेषज्ञता साझा गरे। कार्यशालाको मुख्य उद्देश्य संकाय सदस्य र विद्यार्थीहरूलाई शैक्षिक अनुसन्धानमा संलग्न हुन र प्रकाशन संस्कृतिलाई बढावा दिनु रहेको थियो। यी तीन दिन अवधिमा, सहभागीहरूले अनुसन्धान पद्धति, अनुसन्धान नीति र प्रकाशन प्रक्रियाजस्ता विभिन्न विषयमा गहन प्रशिक्षण प्राप्त गरे। कार्यशाला सबै सहभागीलाई प्रमाणपत्र वितरण कार्यक्रमका साथ समापन गरिएको थियो।

## Weather

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रका अधिकतम तापमन 15.**2** डिग्री सेल्सियस र न्यूनतम तापमन **8** डिग्री सेल्सियस रेकर्ड गरियो। विभागले भोलि अधिकतम तापमान **13** डिग्री सेल्सियस र न्यूनतम तापमान **8** डिग्री सेल्यिस रहने पूर्वानुमान गरेको छ।